बर्जु गाउँपालिका, सुनसरी द्वारा प्रकाशित

# बर्जु राजपत्र

खण्ड: १ संख्या : ११ मिति: २०७६/१२/२८

भाग - १

## बर्जु गाउँपालिका

नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र बर्जु गाउँपालिका कार्यसम्पादन नियमावली २०७५ को नियम १३ बमोजिम गाउँकार्यपालिकाले बनाएको यो कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड २०७६,

**कार्यपालिका** बाट पारित मिति : २०७६/१२/२१

**असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड २०७६,**

कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि स्थानिय तहबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट भएको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड,२०७६ रहेको छ।"

२. यो मापदण्ड मिति नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधिसम्मको लागि लागू हुनेछ।

**(२) परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग " भन्नाले दैनिक रुपमा कामकाज गारी पटके वा दैनिक ज्याला आम्दनी गर्ने दफा ४ बमोजिमका श्रमिक , कामदार तथा मजदुर सम्झनु पर्छ।

(ख) "असहाय" भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मसाला, गुम्बा,चर्च वा बृद्धाश्रममा बस्ने व्यक्ति सम्झनुपर्छ।

(ग) "राहत" भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्बन्धित स्थानिय तहले दफा ३ बमोजिम श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामग्री सम्झनुपर्छ।

(घ) "स्थानिय तह" भन्नाले महानगरापालिका, उप महानगरापालिका, नगरापालिका तथा गाउँपालिका सम्झनुपर्छ।

**३. अभिलेख राख्नु पर्नेः** (१) यस मापदण्ड बमोजिम राहत देहायको श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछ।

(क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक

(ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने, बाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने व्यक्ति

(ग) ट्रक, टिपर भ्यानबाट लोड अनलोड गर्ने श्रमिक

(घ) अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्यालादारीमा काम गर्ने कृषि मजदुर

(ङ) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवार दैनिक ज्यालादारीमा सरसफाई,शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने वयक्ति

(च) गिटी कुटने, बालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारी काम गर्ने डकर्मी, सिकर्मी,हेल्पर लगायतका मजदुर

(ज) नाङलो पसले, दैनिक रुपमा पत्रिका बितरक, साना फुटपाथ पसले, ठेला गाडा तथा साइकलमा सामान बिक्री बितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर

(झ) देहायका यातायात मजदुरः

(१) अन्य व्यक्तिको माल बाहक सवारी तथा डेलिभरि भ्यान चलाउने सवारी चालक,सहचालक

(२) दैनिक ठेक्का वा ज्यालादारीमा टयाक्सी तथा टेम्पो चलाउने सावारी चालक

(३) रिक्सा, तथा ठेलागाडा चालक

(४) सबारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री

(ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेन्ट, टेलरिङ गलैचा तथा बुट्टा जर्ति भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर

(ट) स्थानिय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति

(२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसुचि-१ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा अध्यक्षको साहयोग लिई तीन दिन भित्र तयार गरि सार्वजनिक गर्नु पर्नेछ।

(३) सार्वजनिक गरिएको विवरणमा दावी विरोधको समय (सच्याउने समय) कम्तीमा १ दिन दिई सो पश्चात कार्यपालिकाबाट अनुमोदन गरी अन्तिम विवरण स्वीकृत गर्नु पर्छ।

**(४) राहत बितरण गर्नु पर्ने:** दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसुचि-२ बमोजिम ढाँचामा विवरण राखि दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नु पर्नेछ।

**(५) राहत सामाग्री:** (१) खाध आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरुलाई प्रति परिवारका लागि देहायका सामाग्रि राहत स्वरुप बितरण गरिनेछ।

- चामल २० के.जि.
- दाल २ के.जि.
- नुन १ पाकेट
- खाने तेल १ लिटर

(२) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाइ एक ईकाइ मानि सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ। साथै परिवार संख्या कायम गर्दा दुई जना सम्म भए उपदफा १ बमोजिम राहत सामाग्रीको आधा र सो भन्दा बदी परिवार संख्या भए पुरै राहत सामाग्री बितरण गरिनेछ।

(३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनसँगसँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिम राहत सामाग्री बितरण गरिने छैन।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एकै परिवारको एकभन्दा बदी सदस्यलाई राहत सामाग्री बितरण गरिने छैन ।

**(६) बितरण गर्ने बिधिः** (१) देहायको बिधि अवलम्वन गरि दफा ५ बमोजिमको राहत सामाग्री बितरण गर्नु पर्नेछः

(क) राहत बितरणको लागि सम्बन्धित गाउँपालिकाले सामाग्री खरिद गरी वडा समिति मार्फत वितरण गर्ने ।

(ख) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य ब्यवस्थापकिय समस्याका कारणले वडा समितिवाट बितरण गर्न नसक्ने अबस्था भएमा देहाय बमोजिम गर्नेः

(१) स्थानिय तहले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिम सामाग्री उपल्बध गराउन सक्ने स्थानिय आपुर्तिलर्ताबाट मूल्य सूची लिइ सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपुर्तिकर्ता छनौट गर्ने ।

(२) दफा ३ बमोजिमको लागतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई वडा सदस्य वा अध्यक्षले कुपन उपल्ध गराई उपखण्ड(१) बमोजिम आपुर्तिकर्तावाट राहत सामाग्री उपलब्ध गराउने ।

**(७) राहत बितरणको अभिलेख र प्रतिबेदनः** (१) सम्बन्धित वडाले अनुसूची २ बमोजिमको राहत बितरणको अभिलेख आफ्नो कार्यालयमा राखी सार्वजनिक गर्नु पर्नेछ र एक प्रति गाउँपालिका कार्यलायमा पठाउनु पर्नेछ।

(२) प्रत्येक स्थानिय तहले राहतको प्रतिबेदन अनुसूचि ३ बमोजिम ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण बिभाग र सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहत बितरणको नियमित अनुगमन गर्नेछ।

**(८) कारवाही सम्बणधी व्यवस्थाः** (१) यस कार्याबिधिमा तोकिएको मापदण्ड पूरा नभएमा व्यक्तिले झुटा बिबरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

(२) यस कार्याबिधिको प्रतिकूल हुने गरी राहत बितरणको निवेदन दिने, राहत बुझ्ने र राहतका लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही गरी त्यस्तो राहत बुझ्ने व्यक्ति र सिफारिस गर्ने पदाधिकारीबाट रकम सम्बन्धित स्थानिय तहले निजबाट असुल गर्नु पर्नेछ ।

अनुसूची १

(दफा ३ संग सम्बन्धित)

# राहत प्राप्त गर्ने निवेदन

**राहत प्राप्त गर्ने व्याक्तिको बिबरण**

१. नाम थर: २. बाबुको नाम:

३. बाजेको नाम: ४. स्थाई ठेगाना:

५. हालको ठेगाना: ६. टेलिफोन वा मोबाइल नम्बर(भएमा):

७. दैनिक ज्यालादारी कार्यरत स्थान: ८. गर्ने गरेको कामको विवरण:

९. पेश गरेको कागजातको विवरण(कम्तिमा कुनै एक कागजात सलंग्न गर्नुपर्ने)

क. नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि वा

ख. गरिब घर परिवार परिचय पत्र प्रतिलिपि वा

ग. सवारी चालक अनुमतिको प्रतिलिपि वा

घ. अन्य

१०. राहत लिने ब्याक्तिको स्व: घोषणा:

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै आय आर्जन गरेकाका छैनन् | मैले यस्तो राहत सुबिधा दोहोरो लिएको छैन र लिने पनि छैन | माथि पेश गरेको विवरण ठिक साँचो हो | व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम साहुला बुझुला |

निवेदक:-

औंठा छाप

दस्तखत:

मिति:

| दाँया | बाँया |
|---|---|
| | |

सिफारिस गर्ने पदाधिकारी:- स्थानीय तहको नाम:

दस्तखत: वडा नं:

नाम: पद:

मिति:

अनुसूची २

(दफा ७ को उपदाफा १ संग सम्बन्धित)

बर्जु गाउँपालिका

वडा नं.......

राहत बितरणको अविलेख

| सी. न. | राहत प्राप्त गर्ने व्यक्ति को नाम | ठेगाना तथा टेलिफोन न. | बाबुको नाम | बाजेको नाम | राहतको बिबरण | राहत बुझिलिनेको दस्ताखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

विवरण तयार गर्नेको                                                  प्रमाणित

गर्नेको

दस्तखत:

दस्तखत:

नाम:                                                  नाम:

टेलीफोन न.